# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।१८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु मदन मोहन झा, मुरारीप्रसाद आचार्यसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट नारायणी सिंचाई व्यवस्थापन डिभिजन नं. ५, बहुअरी, वीरगंज, पर्साले दोस्रो भुक्तानीमा सम्झौता अनुसार जन श्रमदान बापत १२.०७% कट्टा गर्नुपर्नेमा १०% को दरले मात्र कट्टा गरिएको र तेस्रो पटक भुक्तानी भएको रु.५,६१,९५०।— को जनश्रमदान वापतको काम नै नगरी झुट्टा बिल बनाई भ्रष्टाचारजन्य काम गरेको पुष्टि भएकोले उक्त डिभिजनका तत्कालीन सि.डि.ई. मदन मोहन झा र लेखा अधिकृत मुरारीप्रसाद आचार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसुरमा बिगो रु.५,६१,९५०।- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी उक्त बिगो असुल उपर हुन एवं जल उपभोक्ता समितिका अध्यक्ष कुसुम देवी कलवार र कोषाध्यक्ष राजकिशोर प्रसादलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) कसुरमा बिगो रु.५,६१,९५०।- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी र उक्त बिगो असुल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०/०९/०५ को फैसलाबाट सफाई दिएको-:

- जन श्रमदान वापतको रकम प्रतिशतमा उल्लेख नभई श्रमदान वापतको रकम रु. ८,२४,०२४।४८ उल्लेख भएकोमा १२.०७% सट्टामा १०% का दरले कट्टा गरी हानिनोक्सानी गरेको दावी पुष्टि नभएको।
- जल उपभोक्ता संस्थालाई भुक्तानी दिइएको रकम मध्ये रु.५,६१,९५०।३७ को काम नै नगरी झुट्टा बिल बनाई भुक्तानी गरेको भन्ने दावी भएकोमा कुन-कुन बिल झुट्टा भएको भन्ने आरोप दावीमा स्पष्ट गर्न नसकेको,

लगायतका आधारमा प्रतिवादीहरुले आरोपीत कसुरबाट सफाई पाउने भनी सफाई दिएकोमा आयोगबाट देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।१८ मा पुनरावेदन गरिएको छ।

**देहायः**

क. पहिलो बिल भुक्तानी गर्दा जल उपभोक्ता समितिले गर्नुपर्ने श्रमदान बापतको रु.३,२०,१३२।७० र दोस्रो बिलको भुक्तानी गर्दा उक्त समितिको श्रमदान बापतको रु.२,४१,८१७।६७ गरी जम्मा रु. ५,६१,९५०।३७ कट्टा गरी भुक्तानी गरिएकोमा तेस्रो बिलको भुक्तानीको लागि कुनै कार्यसम्पन्न प्राविधिक प्रतिवेदन विना नै अघिल्ला बिलहरुबाट कट्टा गरिएको रु. ५,६१,९५०।- भुक्तानी गरिएको कार्य बदनियत पूर्ण हो भन्ने तथ्य पुष्टि भई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको सबुद प्रमाणबाट देखिंदा देखिंदै तथ्य र सबुद प्रमाणलाई न्यायको रोहवरमा कुनै विचारै नगरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ख. प्रतिवादीहरुले १२% को सट्टामा १०% मात्र कट्टा गरिएको भन्ने अस्पष्ट रहेको, सम्झौतामा प्रतिशत उल्लेख नभई रकम मात्र उल्लेख भएकाले १२% हुँदा कति हुने र १०% हुँदा कति हुने एकिन दावी नभएको भनी गरेको फैसला मिसिल संलग्न सबुद प्रमाणको उचित विश्लेषण नगरी तथ्यलाई अनदेखा गरी फैसला भएकोमा आरोप दावी खण्डको तथ्य र प्रमाणहरुको विश्लेषण उपशीर्षक अन्तर्गत स्पष्ट रुपमा ८,२४,०२४।४८(१२%) भनी रकम र प्रतिशत उल्लेख भएकोमा सो तथ्यलाई अन्देखा गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ग. प्रतिवादीहरुले उपभोक्ता समितिले गरेको श्रमदान वापतको रकम कट्टा गरी भुक्तानी हुनु पर्नेमा तेस्रो बिलको भुक्तानीमा थप काम नभएपनि भुक्तानी भएको बिल झुट्टा बिल भनी आरोपदावीमा प्रष्टसँग उल्लेख भएकोमा कुन बिल नक्कली वा झुट्टा एकिन नभएको भनी असान्दर्भिक निर्णयाधार लिई सफाई दिएको फैसला त्रुटिपूर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु मोहन झा, मुरारीप्रसाद आचार्य, कुसुम देवी कलवार, राजकिशोर प्रसाद मु.नं (०७९-CR-००५६) फैसला मिति २०८०।०९।०५ | नहर मर्मतमा झुठ्ठा विल पेस गरी भुक्तानी लिई/ दिई भ्रष्टाचार गरेको। | नारायणी सिंचाई व्यवस्थापन डिभिजन नं. ५, बहुअरी, वीरगंज, पर्साले दोस्रो भुक्तानीमा सम्झौता अनुसार जन श्रमदान बापत १२.०७% कट्टा गर्नु पर्नेमा १०% को दरले मात्र कट्टा गरिएको र जनश्रमदानको कूल रकम तेस्रो पटकमा रु.५,६१,९५०।- गोश्वारा भौचर नं.७२ बाट मिति २०७२।०३।२९ मा भुक्तानी भएको देखिन्छ। सरकारले सो रकम तिर्नु नपर्नेमा उपभोक्ता संस्थालाई बदनियतपूर्वक काम नै नभएको अबस्थामा पनि झुट्टा बिल बनाई गलत भुक्तानी दिई लिई भ्रष्टाचारजन्य काम गरेको पुष्टि हुन आयो। तसर्थ सो डिभिजनका तत्कालीन सि.डि.इ. प्रतिवादी मदन मोहन झा र लेखा अधिकृत प्रतिवादी मुरारीप्रसाद आचार्यको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूरमा बिगो रू.५,६१,९५०।०० कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी उक्त बिगो असुल उपर हुन एंव उपभोक्ता संस्थाको अध्यक्ष प्रतिवादी कुसुम देवी कलवार र कोषाध्यक्ष प्रतिवादी राजकिशोर प्रसादको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) कसूरमा बिगो रू.५,६१,९५०।०० कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी र उक्त बिगो असुल उपर समेतको आरोपदावी रहेको । | <u>**फैसलाः**</u><br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>•जन श्रमदान वापतको रकम प्रतिशतमा उल्लेख नभई श्रमदान वापतको रकम रु. ८,२४,०२४।४८ उल्लेख भएकोमा १२.०७% सट्टामा १०% का दरले कट्टा गरी हानि नोक्सानी गरेको दावी पुष्टि नभएको।<br>•जल उपभोक्ता संस्थालाई भुक्तानी दिइएको रकम मध्ये रु. ५,६१,९५०।३७ को काम नै नगरी झुट्टा विल बनाई भुक्तानी गरेको भन्ने दावी भएको कुन-कुन विल झुट्टा भएको भन्ने आरोप दावीमा स्पष्ट दावी गर्न नसकेको।<br>•**अदालतको फैसला**<br>Irrigation and Water Resources Management Program ( IWRMP), Block No. *2*, Hariharpur, Parsa, Canal Reshaping Work को लागि योजनाको कूल लागत रू.५९,९८,६१२।१३ रहेकोमा जल उपभोक्ता संस्थाले जनश्रमदान बापत रू.८,२४,०२४ । ४८ र कार्यालयले रू.५७,१२,९६३ । ९४ बेहोर्ने सम्झौतामा उल्लेख भएको पाइन्छ । सम्झौता अनुसार जन श्रमदानको १२.०७% का दरले कट्टा गर्नु पर्नेमा १०% को दरले मात्र कट्टा गरिएको भन्ने समेत आरोप दाबी रहेको छ । आरोपत्रमा १०% को सट्टामा १२.०७% को दरले कट्टा गर्दा कति रकम फरक परेको भन्ने उल्लेख भएको पाइदैन । साथै सम्झौतापत्रमा जन श्रमदान बापतको रकम प्रतिशतमा उल्लेख नभई जन श्रमदान बापतको रकम रू.८,२४,०२४।४८ उल्लेख गरेको देखिएको । यसरी १२.०७% को सट्टामा १०% को दरले कट्टा गरी हानिनोक्सानी गरेको भन्ने आरोप दाबी पुष्टि भएको देखिएन।<br>झुट्टा बिलको आधारमा जल उपभोक्ता संस्थालाई मिति २०७२।०३।२९ मा रु.५,६१,९५०।३७ भुक्तानी गरेकोले सो रकमलाई बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूरजन्य कार्य भएको भन्ने आरोप दाबी रहेको छ। जल उपभोक्ता संस्थाले कार्य गरे बापतको रकम रू.५७,१२,९६३।९४ हुने सम्झौतापत्रमा उल्लेख भएकोमा पहिलो बिलको रु.२८,८१,१९३।३५, दोस्रो | •प्रस्तुत मुद्दामा कूल लागत रू.६८,२२,६३६।६० रहेकोमा कार्यालयका तर्फबाट रू.५७,१२,९३६।६० भुक्तानी हुने र बाँकी जल उपभोक्ता समितिबाट रू.८,२४,०२४।४८ खर्च बेहोर्ने सम्झौता भएको देखिन्छ।आयोगमा उजुरी परी अनुसन्धानका क्रममा स्थलगत अध्ययन गर्ने क्रममा पहिलो प्राविधिक मूल्याङ्कन ३२,०१,३२५।९५ रहेकोमा उक्त योजनाको भुक्तानीमा रू ३,२०,१३२।७० जनश्रमदान बापत रू.३,२०,१३२।७० ५% धरौटी रकम रू.१,४४,०६०।— गरी जम्मा रू. ४,६४,१९२।२५ कटाई बाँकी रू. २७,३७,१३३।२५ भुक्तानी गर्ने सिफारिस भएकोमा सिफारिस भन्दा बढी रू. २८,८१,१९३।- भुक्तानी भएको देखियो।यस प्रकृतिको वदनियतपूर्ण भुक्तानी भएको सबुद प्रमाणलाई फैसलामा नजर अन्दाज गरेको देखिएको।त्यसै गरी दोस्रो विलमा प्राविधिक मूल्याङ्कन रू. ५६,१९,५०२।७१ रहेकोमा पहिलो बिलबाट भुक्तानी गरी बाँकी रकममा श्रमदान बापतको रकम रू २,४१,८१७।६७ पैसा र धरौटी रकम समेत रू. १,०८,८१७।९५ गरी जम्मा रू. २०,६७,५४१।१४ भुक्तानी गर्न सिफारिस गरिएकोमा भुक्तानीको लागि सिफारिस गरिएको भन्दा बढी रकम रू.२१,७६,३५९।— भुक्तान गरिएको देखिन्छ।यस भुक्तानीमा प्रतिबादीहरुको कार्य बदनियत पूर्ण हो भन्ने तथ्य पुष्टि भएको अवस्था छ। प्रतिबादी मदनमोहन झा कार्यालय प्रमुख र प्रतिबादी मुरारीप्रसाद आचार्य लेखा अधिकृत भई पहिलो बिल भुक्तानी गर्दा जल उपभोक्ता समितिले गर्नुपर्ने योगदान श्रमदान बापतको रकम रू.३,२०,१३२।७० पैसा र दोस्रो बिलको भुक्तानीको क्रममा समितिले श्रमदान बापतको रकम कूल खर्च रकमबाट रू. २,४१,८१७।६७ पैसा कट्टा गरी कूल ५,६१,९५०।३७ पैसा कट्टा गरी कार्यालयका तर्फबाट रकम भुक्तान गरिएको देखिन्छ।तर तेस्रो बिलको भुक्तानीको लागि कुनै कार्यसम्पन्न प्राविधिक प्रतिवेदन विना नै अघिल्ला बिलहरुबाट कट्टा गरिएको रकम ५,६१,९५०।- भुक्तानी गरी उपभोक्ता समितिका पदाधिकारीलाई गैर कानुनी लाभ पुर्‍याएको देखिएको छ।प्रतिबादी उपभोक्ता समितिका अध्यक्ष कुसुम देवी कलवार र कोषाध्यक्ष राजकिशोर प्रसादलाई लाभ पुर्‍याई नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याएको सबुद प्रमाणबाट देखिदा देखिदै ती तथ्य र सबूद प्रमाणलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बिलको रु.२१,७६,३५९।०९ र तेस्रो बिलको रु.५,६१,९५०।- गरी जम्मा रु.५६,१९,५०२।४४ भुक्तानी भएको मध्य कुन बिलको कामै नगरिएको कुन-कुन कार्यलाई गरिएको भनी सो कार्यको भुक्तानी दिनु/लिनु गरेको भन्ने आरोपपत्रमा खुलाएको देखिएन । साथै कुन कुन बिलहरु झुट्टा भएको भन्ने पनि आरोपपत्रमा स्पष्टरुपमा दाबी लिन नसकेको।<br>•प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियुक्त उपरको आरोपदाबी प्रमाणित गर्ने भार(Burden of Proof) वादी नेपाल सरकारमा रहन्छ। स्वतन्त्र प्रमाणको अभावमा केवल अनुमान, शंका र अन्दाजको भरमा लिईएको अभियोग दाबीबाट अभियुक्तलाई कसूरदार ठहर्‍याई सजाय दिनु फौजदारी न्यायको मान्य सिद्धान्त विपरीत हुनुका साथै शंकाको सुविधा अभियुक्तले पाउने हुन्छ । यस अबस्थामा शंकाको सुविधा अभियुक्तले पाउने(Benefit of doubt goes to accuesed) भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त समेतको आधारमा प्रतिवादीहरुलाई आरोप दाबीबाट सफाई दिनुपर्ने आधार र कारणबाट प्रतिवादीहरुले आरोपपत्र बमोजिमको कसूर गरेको भन्ने प्रमाणबाट पुष्टि नभएकोले निज प्रतिवादीहरु मदनमोहन झा, मुरारीप्रसाद आचार्य, कुसुम देवी कलवार र राज किशोर प्रसादले अभियोग दाबीबाट सफाइ पाउने। | न्यायको रोहवरमा कुनै विचारै नगरी भएको विशेष अदालतको फैसला प्रथम दृष्टिमै त्रुटिपूर्ण देखिएको।<br>•प्रतिवादीहरूले १२% को सट्टामा १०% मात्र कट्टा गरिएको भन्ने दावी अस्पष्ट रहेको,सम्झौतामा प्रतिशत उल्लेख नभई रकम मात्र उल्लेख भएकाले १२%(प्रतिशत) हुँदा कति हुने र १०%(प्रतिशत) हुँदा कति हुने एकिन दावी नभएको भनी गरेको फैसला ब्यहोरा समेत मिसिल संलग्न सबुद प्रमाणलाई उचित मूल्याङ्क विश्लेषण नगरी तथ्यलाई अनदेखा गरी फैसला भएको देखिन्छ।आरोपपत्रको पृष्ठ १२ मा रहेको अभियोग र दावी खण्डको तथ्य र प्रमाणहरूको विश्लेषण उपशीर्षक अन्तरगतको आठौं हरफमा स्पष्ट रूपमा ८,२४,०२४।४८(१२%) भनी रकम र प्रतिशत उल्लेख भएको छ।सो तथ्यलाई अन्देखा गरी भएको फैसला त्रुटिपूर्ण छ। प्रतिबादीहरूलाई कुन कुन बिल झुट्टा बिल बनाएको आरोप दाबीमा एकिन नभएको भनी सफाई दिएको फैसला आधार समेत त्रुटीपूर्ण छ।प्रतिबादीहरूले उपभोक्ता समितिले श्रमदान वापतको रकम उपभोक्ता समितिले कार्य सम्पन्न गरी भुक्तानीको लागि बिल पेश भएको बखत भुक्तानी हुँदा श्रमदान वापतको रकम कट्टा गरी भुक्तानी हुनु पर्नेमा तेस्रो बिलको भुक्तानीमा थप काम नभएपनि गोश्वारा भौचर नं ७२ बाट भुक्तानी भएको बिललाई झुट्टा बिल भनी आरोप दावीमा प्रष्टसँग उल्लेख भएकोमा कुन बिल नक्कली वा झुट्टा एकिन नभएको भनी असान्दर्भिक निर्णयाधार लिई सफाइ दिएको फैसला त्रुटिपूर्ण देखिएको। |